Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

*Ref.*

## हार्दिक आभार

नेपालको नागरिकता सम्बन्धी ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ संसदको दुवै सदनबाट पारित भएको छ । नेपालको संविधानको २०७२ को धारा १४ मा व्यवस्था भएअनुसार गैरआवासीय नेपालीहरुलाई प्रदान गरिने गैरआवासीय नेपाली नागरिकताको समेत प्रावधान राखिएको यस विधेयक कानून बनेपश्चात यस अन्तर्गत नागरिकता पाउने व्यक्तिलाई आम नेपाली सरह आर्थिक, सामाजिक, र सांस्कृतिक अधिकार प्राप्त हुनेहुनाले हामी गैरआवासीय नेपालीहरुको मातृभूमिप्रतिको दायित्व अझै बढेको महशुस गरेका छौ ।

सरकारको पछिल्लो निर्णयले संसारभरि रहेका नेपालीहरुलाई मातृभूमिसँग जोड्नुका साथै विदेशमा आर्जन गरेको ज्ञान, सीप र पूँजी लाई नेपाल भित्र्याउन पनि मार्गप्रशस्त गर्ने र समृद्ध नेपाल निर्माणमा थप टेवा पुग्ने छ । साथै सरकारको पछिल्लो कदमले **'एक पटकको नेपाली सधैँको नेपाली'** भन्ने नारालाई सार्थक बनाउन नागरिकता वियेधकले सहयोग पुर्याएको हामीले विश्वास गरेका छौ ।

विधेयक पारित गर्न मुख्य भूमिका निर्वाह गर्नुहुने सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, सम्पूर्ण राजनैतिक दलका अध्यक्षज्यू लगायत नेताज्यूहरु, माननीय गृहमन्त्रीज्यू, माननीय कानून मन्त्रीज्यू, माननीय परराष्ट्र मन्त्रीज्यू तथा नेपाल सरकारका मन्त्रीज्यूहरु, सांसदज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू, सचिवज्यूहरु, कानूनविद्, सरोकारवाला, सञ्चारकर्मीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछौँ ।

कुल आचार्य
कार्यकारी अध्यक्ष

रविना थापा
अध्यक्ष

डा. बद्रि केसी
अध्यक्ष

मितिः २९ जुलाई २०२२